

भूमे साप्ताहिक

BHUME WEEKLY NEWSPAPER

वर्ष ८ अंक १ २०८३ कार्तिक ३० | सम्पादकीय | प्रकाशक : भूमे गाउँ कार्यपालिकाको कार्यालय | Year 8 Issue 1 NOV 16,2026

भूमेको पूर्वाधार विकास : तथ्यगत यथार्थता

सामाजिक सञ्जाल,फेसबुक र राष्ट्रिय पत्र-पत्रिकाहरु मार्फत भूमे गाउँपालिकामा विकास भएन भन्ने कोलाहाल र भाष्य निर्माण गर्न खोजिदैँ छाजुन कुरा वास्तविकताको तोड मरोड हो । गाउँपालिकाको विकासको गतिविधि हेर्दा सडक पूर्वाधारको क्षेत्रमा ,भवन पूर्वाधारको क्षेत्र ,पर्यटन पूर्वाधार क्षेत्र ,खानेपानीको क्षेत्र झोलुङ्गे पुल तथा ट्रस पुल क्षेत्र,कृषि विकासको क्षेत्र आदी विभिन्न क्षेत्रहरुमा उल्लखेनीय र एक लेबलको विकास सम्पन्न भएको छ। विद्यालय भवन, सडक, पुल, विद्युत्, खानेपानी, स्वास्थ्य संस्थाका भवनहरु, पर्यटन र प्रशासनिक पूर्वाधारमा भएका कामलाई बेवास्ता गरेर समग्र विकासलाई अवमूल्यन गर्न मिल्दैन। विकासको मूल्याङ्कन सामाजिक सञ्जालमा कसले कस्तो टिप्पणी गऱ्यो भन्ने आधारमा होइन, गणतन्त्र पछिको परिवर्तन र नागरिकले पाएको सुविधाका दृष्टिले गर्नुपर्छ । यसको एउटा ठोस उदाहरण भूमे गाउँपालिका–९ चुन्वाङ आफै हो। चुन्वाङमा बन्चरे, लङ्जुला, लाखर र च्याङचुङ खोलामा करोडौँ रुपैयाँको लगानीमा चारवटा पक्की पुल निर्माण भएका छन्। भने चुन्वाङमै अर्को एउता पक्की पुल निर्माणधिन छ । यी पुलले सडक पहुँच र आवागमन सहज बनाउन योगदान गरेका छन्। सदिक्षा ओलिले फेसबुक को कमाइबाट आफ्नो टोलमा पुलेसी निर्माण गरिन।यस कार्यको लागि उनलाई धन्यवाद दिनै पर्छ।तर यसको अर्थ सरकारले गरेन भन्ने होइन । त्यहाँ चुन्वाङका समुदाय समक्ष गाउँ पालिकाले त्यो पुल निर्माण गर्ने प्रतिबद्धता गरेको थियो।जे होस, समुदायको यस्ता आधारभूत आवश्यकताहरुमा समुदाय आफै अग्रसर हुनु सकारात्मक कुरा हो,यस्ता कुराहरुलाइ निरन्तरता पनि दिनुपर्छ ।तर कुनै अमुक नेता , जनप्रतिनिधि वा जुनसुकै तहको सरकारलाई बदनाम गर्ने बदनियत राखेर होइन असल नियत र समाज लाई सकारात्मक सन्देश दिने हेतुले काम गर्नु पर्छ, न कि भाइरल हुने र फ्लोवर्स बढाउने उद्श्यले । सामाजिक सञ्जालमा क्षणिक समयमा भाईल हुन र पैसाको लोभलाई पेशा बनाउन दिर्घकालिन टिकाउ हुन् सक्दैन् । चुन्वाङमा विकास भएको नै छैन्, भन्ने भाष्य गरि रहदाँ चुनवाङ हुँदै रुकुमकोट जोड्ने सडकमा भइरहेको कालोपत्रे अर्को महत्त्वपूर्ण उदाहरण हो। रोल्पाको दुइखोली–बागमारा हुँदै चुनवाङ र रुकुमकोट जोड्ने ९.४ किलोमिटर सडकका लागि ३३ करोड ६ लाख ८० हजार रुपैयाँ बजेट खर्च भईरहेको छ । चुन्वाङका अन्य बाँकी गाउँबस्तीमा सडक बिस्तारको लागि गाउँपालिकाबाट बजेट विनियोजित भएको छ। भने भेरीडाडाँमा रहेको शान्ति संग्रहालय पनि निर्माण कार्यको अन्तिम चरणमा छ । यी आयोजना सम्पन्न हुँदा यस क्षेत्रको आवागमन, कृषि उपजको ढुवानी र बजार पहुँचमा सुधार आउने तथा गाउँपालिका र जिल्लालाई प्रदेश राजधानी संग जोड्ने रणनितिक सडकको काम गर्ने छ । प्रशासनिक पूर्वाधारमा भएको परिवर्तन पनि उल्लेखनीय छ।भूमे गाउँपालिकाले स्थानीय सरकार गठन भएको करिब नौ वर्षको अन्तरालमा प्रशासनिक भवनबाट नागरिकलाई सेवा दिदैँ आएको छ भने अर्को कुरा आफ्नै पक्की भवन निर्माण गर्दै छ, भने हरेक वडामा प्रशासनिक भवन बन्दै छन्,र हामीले ३ वटा भन्दाबढी वडाहरुमा पक्की भवनबाट गुणस्तरीय सेवा दिईरहेका छौं । अर्को विषय नागरिकले शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युतका क्षेत्रमा भएका पूर्वाधार निर्माण तथा सेवा विस्तारका कामलाई पनि यही दृष्टिले हेर्नुपर्छ। विद्यालय भवन निर्माणले विद्यार्थीका लागि सुरक्षित वातावरण तयार गरेको छ; स्वास्थ्य भवनले उपचार सेवाको आधार बढाएको छ । साथै चुन्वाङमा १५ शैयाको स्थास्थ्य संरचना नागरिककै लागि तयार गाउँपालिकाले गरेको छ।चुन्वाङ लगायत गाउँपालिका भर पर्यटन पूर्वाधारले स्थानीय सम्भावनालाई आर्थिक अवसरमा बदल्ने ढोका खोल्न गाउँपालिका लागि परिरहेको कुरा पनि पाठकलाई जानकारी नै छ। त्यसैले सरकार होस् या नागरिकले सामाजिक सञ्जालमा उठेका आलोचनालाई पनि गम्भीरतापूर्वक लिनुपर्छ। नागरिकले सडक, पुल, खानेपानी वा स्वास्थ्य सेवाबारे प्रश्न उठाउनु नागरिको अधिकार हो। तर सरकारले गरेको कार्यसम्पादनमा आलोचना गरे पनि हरेक नागरिकले विकासप्रति अपनत्व भाव राख्नुपर्छ । भूमे गाउँपालिकाले आफ्ना योजनाको बजेट, खर्च, प्रगति,कार्य-सम्पन्नता र लाभग्राहीको विवरण नियमित रूपमा हरेक नागरिको बस्तीमा पुगेरे सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम मार्फत कुन बस्तीमा के काम भयो, कुन आयोजना अधुरो छ, किन ढिलाइ भयो र कहिले पूरा हुन्छ भन्ने प्रश्नको जवाफ दिदैँ र नागरिकलाई सुसूचित गर्दै आएको छ । भूमेको विकासमाथि बहस गर्नेहरूले पनि तथ्यलाई विश्लेशन गरेर र वास्तविक भूगोलमा आएर आफ्नो आखाँले हेरी समिक्षा गर्न जरुरी छ ।

अन्तमा : विकासको मूल्याङ्कन गर्दा हिजोको अवस्था र आजको अवस्थाबीच तुलना गर्नुपर्छ। पहिले नागरिकले भोग्नुपरेका समस्या के थिए? अहिले तीमध्ये कति समाधान भएका छन्? कुन बस्तीमा सडक पुगेको छ? कहाँ पुल बनेका छन्? कुन विद्यालयमा नयाँ भवन बनेको छ? कति नागरिकले विद्युत्, खानेपानी र स्वास्थ्य सेवामा सहज पहुँच पाएका छन्? प्रशासनिक सेवा लिन कति सहज भएको छ? यस्ता प्रश्नको तथ्यमा आधारित जवाफ खोज्नु नै विकासको सही दिशा पकड्नु हो । भूमेले प्राप्त गरेका उपलब्धिहरुप्रति गर्व गर्दैँ बाँकी समस्या समाधान गर्न दबाब सिर्जना गर्नु तथा सरकारलाई झकझक्याउनु नै नागरिक सरकारलाई जिम्मेवार र जवाफदेही बनाउनु हामी जिम्मेवार नागरिकको महत्वपूर्ण भूमिका हुनेछ ।

रुकुमपूर्वमा पौने ४५ करोड बजेट फ्रिज

सङ्घीय सरकारको ९०.२ प्रतिशत बजेट खर्च हुँदा प्रदेशको खर्च ७२ प्रतिशतमा सीमित, साढे ५ करोड राजस्व सङ्कलन



कार्तिक २८ , रुकुमपूर्व । आर्थिक वर्ष २०८२/८३ मा रुकुमपूर्वमा सङ्घीय तथा प्रदेश सरकारबाट विनियोजित बजेटमध्ये पौने ४५ करोड रुपैयाँ खर्च हुन नसकी फिर्ता भएको छ । जिल्लास्थित सङ्घीय तथा प्रदेश सरकार मातहतका सरकारी कार्यालय र स्थानीय तहमा हस्तान्तरण गरिएको सशर्त, समपूरक तथा विशेष अनुदानतर्फको कुल ४४ करोड ७६ लाख १६ हजार ५३६ रुपैयाँ खर्च हुन नसकेको हो ।सङ्घीय सरकारको तुलनामा प्रदेश सरकारतर्फको बजेट बढी खर्च हुन नसकेको हो । लुम्बिनी प्रदेश सरकारबाट जिल्लाका लागि चालु र पुँजीगत गरी ८३ करोड ७६ लाख ७६ हजार रुपैयाँ बजेट प्राप्त भएकोमा करिब ६० करोड २६ लाख रुपैयाँ मात्रै खर्च भएको छ । प्रदेश सरकारतर्फ प्राप्त कुल बजेटको करिब ७२ प्रतिशत खर्च हुँदा २३ करोड ५० लाख ८० हजार रुपैयाँ खर्च हुन नसकेको हो । प्रदेश सरकार मातहतका जिल्लास्थित विभिन्न कार्यालयमा आर्थिक वर्षको सुरुवातमै बजेटको केही हिस्सा रोक्का राखिएको थियो । त्यस्तै, प्रशासनिक तथा प्राविधिकलगायतका कारणले पनि विनियोजित बजेटको ठूलो हिस्सा खर्च हुन नसकेको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख हिरामणि गौतमले जानकारी दिए । यता, सङ्घीय सरकारबाट जिल्लाका लागि चालु र पुँजीगत शीर्षकमा करिब २ अर्ब १८ करोड रुपैयाँ बजेट विनियोजन भएको थियो । त्यसमध्ये १ अर्ब ९६ करोड ५६ लाख रुपैयाँ अर्थात् ९०.२ प्रतिशत बजेट खर्च भएको छ । सङ्घीय सरकारतर्फ विनियोजित बजेटमध्ये २१ करोड २५ लाख ३६ हजार रुपैयाँ खर्च हुन नसकी फिर्ता भएको गौतमले भने । सङ्घीय र प्रदेश सरकारको बजेट खर्चको तुलनात्मक विवरण हेर्दा प्रदेश सरकारतर्फ रकम र खर्च……..

प्रतिशत दुवैका आधारमा बजेट कार्यान्वयन कमजोर देखिएको छ। सङ्घीय सरकारको बजेट खर्च ९० प्रतिशतभन्दा माथि रहँदा प्रदेश सरकारको खर्च भने ७२ प्रतिशतमा सीमित भएको छ ।यसैबीच, आर्थिक वर्ष २०८२/८३ मा रुकुमपूर्वस्थित सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयबाट ५ करोड ४० लाख ८७ हजार २९ रुपैयाँ राजस्व सङ्कलन भएको छ । सङ्घीय सरकार मातहतका कार्यालयबाट ४ करोड ११ लाख ९९ हजार १२३ रुपैयाँ र प्रदेश सरकार मातहतका कार्यालयबाट १ करोड २८ लाख ८७ हजार ९०६ रुपैयाँ राजस्व सङ्कलन भएको हो । अन्य तराई तथा पहाडी जिल्लाको तुलनामा रुकुमपूर्वमा राजस्व सङ्कलनका स्रोत सीमित रहेकाले तुलनात्मक रूपमा कम राजस्व उठ्ने गरेको छ ।

दुइखोलीदेखि चुन्वाङ हुँदै रुकुमकोट जोड्ने सडकमा कालोपत्रेको काम धमाधम हुँदै

निराजन सिर्पाली / रुकुमपूर्व

रोल्पाको दुइखोली–बागमारा हुँदै रुकुमपूर्वको भूमे गाउँपालिका–९ चुन्वाङबाट रुकुमकोट जोड्ने सडकमा कालोपत्रेको काम धमाधम भइरहेको छ। लामो समयदेखि सडक स्तरोन्नति र सहज यातायातको प्रतीक्षामा रहेका यस क्षेत्रका स्थानीयवासी सडक कालोपत्रे हुन थालेपछि खुसी भएका छन्।रोल्पाको दुइखोली र बागमारादेखि रुकुमपूर्वको चुन्वाङ हुँदै जिल्ला सदरमुकाम रुकुमकोट जोड्ने यो सडक यस क्षेत्रका नागरिकका लागि महत्त्वपूर्ण यातायात पूर्वाधारका रूपमा रहेको छ।सडकको स्तरोन्नति तथा कालोपत्रेले वर्षौंदेखि सडकको अवस्थाका कारण आवागमनमा समस्या भोग्दै आएका नागरिकलाई प्रत्यक्ष राहत पुग्ने अपेक्षा गरिएको छ।लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत यातायात पूर्वाधार निर्देशनालयको सडक पूर्वाधार विकास कार्यालय रुकुमपूर्वमार्फत आयोजना कार्यान्वयन भइरहेको छ।सडक पूर्वाधार विकास कार्यालय रुकुमपूर्वका कार्यालय प्रमुख श्यामकुमार श्रेष्ठले उक्त सडक खण्डमा स्तरोन्नति तथा कालोपत्रेको काम अघि बढिरहेको जानकारी दिनुभयो।

उहाँका अनुसार आयोजनाअन्तर्गत सडकको संरचनागत सुधारसँगै कालोपत्रे गर्ने कामसमेत भइरहेको छ।उहाँले भन्नुभयो, “दुइखोली–बागमारा हुँदै चुन्वाङ–रुकुमकोट जोड्ने सडकको स्तरोन्नति तथा कालोपत्रेको काम अघि बढिरहेको छ। आयोजनाअन्तर्गत सडक निर्माणका विभिन्न कामसँगै कालोपत्रे गर्ने काम पनि भइरहेको छ।” कार्यालय प्रमुख श्रेष्ठका अनुसार कुल ९ किलोमिटर ४०० मिटर लम्बाइको सडक निर्माणका लागि सुरुमा ३० करोड १६ लाख ९३ हजार ५७९ रुपैयाँ ३९ पैसा भ्याट तथा पीएससहित सम्झौता भएको थियो।



तर, भेरिएसन आदेश–१ पछि आयोजनाको सम्झौता रकम बढेर ३३ करोड ६ लाख ८० हजार १२९ रुपैयाँ ७७ पैसा पुगेको छ। उक्त सडक निर्माणको ठेक्का एम/एस चम्पेश्वर/पीएम/प्रदेश जेभी, ललितपुरले पाएको छ। आयोजनाको सम्झौता २०८० वैशाख ११ गते भएको थियो। सुरुमा २०८३ वैशाख ३० गतेसम्म काम सम्पन्न गर्ने समयसीमा तोकिएको भए पनि भेरिएसन आदेश–१ पछि संशोधित कार्य सम्पन्न मिति २०८३ फागुन ३० गते कायम गरिएको छ। आयोजनाअन्तर्गत सडकको माटो कटान तथा भरान, रिटेनिङ संरचना निर्माण, नाली तथा क्रस ड्रेनेज निर्माण, सबबेस, बेस र सडक कालोपत्रेलगायतका काम समावेश छन्।यी संरचनाले सडकलाई व्यवस्थित बनाउनुका साथै वर्षायाममा पानीको उचित निकास र सडकको टिकाउपनमा समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। सडक स्तरोन्नति तथा कालोपत्रे हुन थालेपछि यस आसपासका नागरिकमा खुसी छाएको भूमे गाउँपालिका–९ का वडाध्यक्ष विनोद वुढाले बताउनुभयो।उहाँका अनुसार सडकको अवस्था सुधार हुनु स्थानीय नागरिकको लामो समयदेखिको आवश्यकता र अपेक्षासँग जोडिएको विषय हो। उहाँले भन्नुभयो, “यो सडकको स्तरोन्नतिले यस आसपासका नागरिकमा निकै खुसी छाएको छ। सडक राम्रो भएपछि स्थानीयवासीको आवागमन सहज हुनुका साथै दैनिक उपभोग्य वस्तु तथा कृषि उपजको ढुवानीमा समेत सहजता आउने अपेक्षा गरेका छौं।” सडक कालोपत्रे भएपछि स्थानीय नागरिकलाई दैनिक आवतजावतमा सहज हुने मात्र नभई किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म पुऱ्याउनसमेत सहज हुने विश्वास गरिएको छ। सडकको अवस्था सुधार हुँदा स्थानीय बजार, व्यापार व्यवसाय र आर्थिक गतिविधिमा पनि सकारात्मक प्रभाव पर्ने अपेक्षा छ।विशेषगरी रोल्पाको दुइखोली र बागमारा क्षेत्रलाई रुकुमपूर्वको चुन्वाङ तथा रुकुमकोटसँग जोड्ने भएकाले यस सडकको रणनीतिक महत्त्वसमेत रहेको छ। यस खण्डको पुरै खण्ड कालोपत्रे सम्पन्न भएपछि दाङ, रोल्पा, रुकुमपूर्व र रुकुम पश्चिमबीचको सडक सम्पर्क थप सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। अहिले ९.४ किलोमिटरका लागि काम भइरहेको भए पनि बाँकी खण्डमा तत्कालै कालोपत्रे हुन आवश्यक छ । सडक पूर्वाधार केवल यातायातको साधन मात्र नभई स्थानीय उत्पादनको बजारीकरण, पर्यटन प्रवर्द्धन, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच र समग्र आर्थिक विकाससँग जोडिएको विषय हो। त्यसैले यस सडकको स्तरोन्नति तथा कालोपत्रेले यस क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने स्थानीयको अपेक्षा छ। लामो समयदेखि स्तरोन्नतिको प्रतीक्षामा रहेको सडकमा अहिले कालोपत्रेको काम अघि बढ्नु स्थानीयका लागि सकारात्मक उपलब्धि बनेको छ। अब निर्माण कार्य गुणस्तरीय रूपमा सम्पन्न हुनुका साथै निर्धारित संशोधित समयसीमाभित्र आयोजना पूरा भएमा यस क्षेत्रका नागरिकले सहज, सुरक्षित र भरपर्दो सडक यातायातको सुविधा पाउनेछन्।

सदीक्षाले फेसबुकबाट कमाएको ६० हजारले बनाइन् पुल





१५ वर्षीया सदीक्षाको अनुकरणीय पहल

" फेसबुकबाट कमाएको ६० हजार रुपैयाँ खर्चेर बनाइन् गाउँको भत्किएको पुल सामाजिक सञ्जालबाट भएको आम्दानी गाउँको समस्या समाधानमा खर्चिँदा स्थानीयमा खुसी "

गाउँको भत्किएको पुल देखाउँदै सांसदसँग सहयोग मागेकी सदीक्षाले अन्ततः आफैँ जुटाइन् निर्माणमा। फेसबुकबाट भिडियो बनाएर कमाएको ६० हजार रु पैयाँ खर्चेर भूमे गाउँपालिका-९ चुनबाङस्थित दोमै खोलामा बनाइन् काठे पुल। स्थानीयको सहकार्यमा तीन दिनमै निर्माण सम्पन्न भएको पुलले विद्यार्थी, स्थानीय बासिन्दा र पशुचौपायालाई खोला वारपार गर्न सहज हुने अपेक्षा गरिएको छ। सामाजिक सञ्जालबाट कमाएको आम्दानी गाउँको समस्या समाधानमा खर्च गर्ने किशोरीको पहलले दियो नागरिक जिम्मेवारीको सन्देश।

ती पुलले सडक पहुँच विस्तार र स्थानीयको आवतजावत सहज बनाउन योगदान पुऱ्याएका छन्। तर पुल निर्माणसँगै त्यसको उपयोगिता, गुणस्तर, निरन्तरता र नागरिकको दैनिक जीवनमा परेको प्रभावबारे पनि प्रश्न उठाइएको थियो। अघिल्लो समाचारको मूल प्रश्न थियो ? एउटै वडामा चारवटा पक्की पुल निर्माण हुनु विकासको उपलब्धि हो, तर त्यसकै बीचमा स्थानीयले जीर्ण पुल र जोखिमपूर्ण खोला पार गर्नुपर्ने अवस्था किन बाँकी छ? सडक र पुल बनेको तथ्य मात्र विकासको पूर्ण मापदण्ड हुन सक्दैन; ती संरचनाले नागरिकको यात्रा कति सहज, सुरक्षित र नियमित बनाए भन्ने पनि महत्त्वपूर्ण हुन्छ। सदिक्षाको घर नजिकैको खोलामा सदीक्षाले काठे पुल निर्माण गर्नु यही बहससँग जोडिएको अर्को उदाहरण हो। एकातिर सरकारी लगानीमा पक्की पुल निर्माण भइरहेका छन् भने अर्कोतिर स्थानीय आवश्यकताका कारण १५ वर्षीया किशोरीले सामाजिक सञ्जालबाट कमाएको रकम खर्चेर पुल बनाएकी छन्। यसले स्थानीय समस्या समाधानमा नागरिकको पहल र सामुदायिक सहकार्यको महत्त्व देखाएको छ। चुनबाङमा बनेका चार पक्की पुलले विकासका उपलब्धि देखाएका छन्। खोलामा सदीक्षाले बनाएको काठे पुलले भने विकासको चर्चा भइरहँदा स्थानीयस्तरका साना तर अत्यावश्यक समस्या पनि सम्बोधन हुनुपर्ने सन्देश दिएको छ। विकासको अर्थ संरचना निर्माणमा मात्र सीमित हुँदैन; त्यसबाट नागरिकले सुरक्षित र सहज रूपमा लाभ लिन पाउनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। फेसबुकबाट कमाएको रकम गाउँको समस्यामा खर्च गर्ने सदीक्षाको कदम एउटा किशोरीको व्यक्तिगत प्रयास मात्र होइन, सामुदायिक समस्याप्रतिको नागरिक जिम्मेवारीको उदाहरण पनि हो। तर यस्तो पहलले सरकारको दायित्व विस्थापित गर्न सक्दैन।

रुकुमपूर्व। गाउँको भत्किएको पुल देखाउँदै सामाजिक सञ्जालमार्फत पूर्व प्रधानमन्त्री तथा सांसद पुष्पकमल दाहाल 'प्रचण्ड'सँग पुल बनाइदिन आग्रह गरेकी भूमे गाउँपालिका–९ चुनबाङकी १५ वर्षीया सदीक्षा ओलीले अन्ततः आफ्नै पहलमा पुल निर्माण गरेकी छन्। फेसबुकबाट प्राप्त आम्दानीको ६० हजार रुपैयाँ खर्चेर उनले दोमै खोलामा काठे पुल बनाएकी हुन्।असारमा खोलाको बहावले पुरानो पुल भत्किएपछि स्थानीयलाई आवतजावतमा समस्या हुँदै आएको थियो। विशेषगरी विद्यार्थी, स्थानीय बासिन्दा र पशुचौपायालाई खोला वारपार गर्न कठिनाइ थियो। वर्षायाममा खोलामा पानीको सतह बढ्दा जोखिम थपिने गरेको थियो। त्यही समस्यालाई सार्वजनिक गर्न सदीक्षाले भदौ १ गते फेसबुकमा एउटा भिडियो राखिन्। भिडियोमा भत्किएको पुल देखाउँदै उनले सांसद दाहाललाई 'प्रचण्ड बाजे' सम्बोधन गरेर पुल बनाइदिन आग्रह गरेकी थिइन्। उनको भिडियो सामाजिक सञ्जालमा चर्चित बन्यो। तर पुल निर्माणको काम अघि बढेको नदेखेपछि उनले समस्या समाधानका लागि आफैँले पहल गर्ने निर्णय गरिन्। फेसबुकमा भिडियो बनाएर आम्दानी गर्दै आएकी सदीक्षाले त्यही आम्दानीबाट प्राप्त ६० हजार रुपैयाँ पुल निर्माणमा खर्च गरिन्। स्थानीय काठ प्रयोग गरेर करिब चार मिटर लामो काठे पुल तीन दिनमै निर्माण गरिएको हो। पुल बनाउन परिवारका सदस्य र स्थानीयले पनि श्रम तथा आवश्यक सामग्री जुटाउन सहयोग गरे। स्थानीय शेरधन खड्काका अनुसार सदीक्षाले खर्च गरेको रकमबाट जस्तापाता, किला तथा अन्य निर्माण सामग्री खरिद र दक्ष कामदारको ज्याला व्यवस्थापन गरिएको थियो। स्थानीयले पनि आफ्नो क्षमताअनुसार सहयोग गरेपछि पुल निर्माण सम्भव भएको उनले बताए। फेसबुक अकाउन्टबाट आम्दानी हुन थालेपछि त्यही रकम गाउँको समस्यामा खर्च गर्ने निर्णयमा सदिक्षा पुगिन्। सामाजिक सञ्जालबाट प्राप्त व्यक्तिगत आम्दानीलाई सामुदायिक आवश्यकतासँग जोड्ने उनको यो कदमले स्थानीयस्तरमा चर्चा पाएको छ।चुनबाङमा सडक तथा पुल पूर्वाधारको अवस्था र त्यसले स्थानीयको जीवनमा पारेको प्रभावबारे यसअघि पनि बहस हुँदै आएको छ। भूमे साप्ताहिकको अघिल्लो अंकमा 'चार पक्की पुलले देखाएको विकास, एउटा जीर्ण पुलले सोधेको प्रश्न' शीर्षकमा प्रकाशित समाचारले चुनबाङ क्षेत्रमा निर्माण भएका चार पक्की पुल र अझै समाधान हुन बाँकी पूर्वाधारका समस्यालाई उजागर गरेको थियो। बन्चरे, लङ्जुला, लाहार र च्याङचुङ खोलामा करोडौँ रुपैयाँको लगानीमा पक्की पुल निर्माण भएको विवरण उक्त समाचारमा समेटिएको थियो।.....

महतमा जोगिँदै गोरु जुधाउने परम्परा कायमै



रुकुमपूर्व। लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुमपूर्वको भूमे गाउँपालिका–६, महतमा परम्परागत गोरु जुधाइ प्रतियोगिता सम्पन्न भएको छ। कृषि संस्कृति र स्थानीय मौलिक पहिचानसँग जोडिएको यस प्रतियोगितालाई निरन्तरता दिँदै गाउँलेहरूले यस वर्ष पनि तिहारको अवसरमा गोरु जुधाएका हुन्।गाउँ खरदरी समितिको आयोजनामा तिहारको गाईतिहारदेखि सुरु हुने परम्पराअनुसार २०८३ सालको प्रतियोगिता महतस्थित तुवाङ चौरमा सम्पन्न भएको हो।२०७४ देखि प्रत्येक वर्ष नयाँ मुखियाको नेतृत्वमा सञ्चालन हुँदै आएको प्रतियोगिता यस वर्ष दशौँ मुखिया पृथीबहादुर बुढाको नेतृत्वमा सम्पन्न भएको समितिले जनाएको छ। प्रतियोगितामा हर्कबहादुर सुनारको गोरुले प्रथम स्थान हासिल गरेको छ। त्यस्तै जितप्रसाद बुढाको गोरु द्वितीय, सर्वजित बुढाको गोरु तृतीय र साहिल बुढाको गोरु चौथो भएका छन्। विजयी गोरुका धनीले क्रमशः ६ हजार, ४ हजार, ३ हजार र २ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्। पहिले कुनै पुरस्कारको व्यवस्था नगरी कसको गोरु बलियो भन्ने प्रतिस्पर्धाका आधारमा गोरु जुधाउने गरिन्थ्यो। पछिल्लो समय परम्परालाई थप व्यवस्थित र आकर्षक बनाउन पुरस्कारको व्यवस्था गरिएको हो। पुरस्कारले प्रतियोगितामा सहभागी हुने किसानलाई प्रोत्साहन गर्नुका साथै कार्यक्रमको रौनकसमेत बढाएको छ। तर, प्रतियोगिताका क्रममा गोरु घाइते हुने जोखिम पनि उत्तिकै छ। यस वर्ष दुईवटा गोरु गम्भीर घाइते भएपछि आगामी दिनमा प्रतियोगिता सञ्चालन गर्नुअघि गोरुको बिमा गर्ने व्यवस्था गर्नुपर्ने आवाज उठेको छ। स्थानीय कमल बुढामगरका अनुसार बिमाको व्यवस्था भएमा गोरु घाइते हुँदा वा अन्य क्षति पुग्दा किसानले क्षतिपूर्ति पाउन सक्छन्। यसले किसानलाई प्रतियोगितामा सहभागी हुन थप प्रोत्साहन मिल्ने र प्रतिस्पर्धा अझ रोचक बन्ने उनको भनाइ छ।गाउँ खरदरी समितिका मुखिया पृथीबहादुर बुढाले प्रतियोगितालाई स्थानीय तह र वडा कार्यालयको आर्थिक सहयोगमा थप व्यवस्थित बनाउन सके यसको प्रचारप्रसार र सांस्कृतिक पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने बताए। उनका अनुसार स्थानीय मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै बाह्य पर्यटक आकर्षित गर्ने सम्भावना पनि यस प्रतियोगितामा छ। महत गाउँमा गोरु जुधाउने परम्परासँगै गाउँको सामाजिक व्यवस्थापन र सामदायिक विकाससँग जोडिएको गाउँ खरदरी प्रणाली पनि प्रचलनमा छ। गाउँको चरण क्षेत्रमा मनपरी पशु चराउने, घाँसपात तथा सोत्तरका लागि सेउला काट्नेलगायतका गतिविधिमा नियम उल्लङ्घन गरेबापत जरिवाना अर्थात् 'बनाउलो' तोक्ने चलन अझै कायम छ। त्यसरी संकलित रकम गाउँ खरदरी समितिको कोषमा जम्मा गरिन्छ। सोही रकमबाट गाउँका चाडपर्व, पूजाआजा, खानेपानीका धारा, पोखरी तथा घोरेटो बाटो निर्माण र मर्मतजस्ता सामुदायिक काममा खर्च गरिँदै आएको मुखिया बुढाले बताए। स्थानीय बासिन्दाका अनुसार तिहारको औँसीका दिन गोरु जुधाउने चलन कृषि संस्कृतिसँग जोडिएको पुरानो परम्परा हो। वर्षभरि खेतीपाती र पशुपालनमा संलग्न किसानले हुर्काएका गोरुको बल, क्षमता र स्याहारसुसारको झलकसमेत प्रतियोगितामा देखिने उनीहरूको भनाइ छ। यसले किसानबीच आपसी चिनजान, सद्भाव र प्रतिस्पर्धाको भावना विकास गर्न पनि सहयोग पुऱ्याउँदै आएको छ। लगातार तीन वर्ष प्रतियोगितामा प्रथम हुन सफल किसान हर्कबहादुर सुनारले पुरस्कारभन्दा पनि परम्परा संरक्षण गर्ने उद्देश्यले आफूहरू प्रतियोगितामा सहभागी हुने गरेको बताए। 'गोरु जुधाउने संस्कार हाम्रो मौलिक पहिचान हो। कहिलेकाहीँ चोटपटकको जोखिम भए पनि जित–हारभन्दा माथि उठेर परम्परा जोगाउन हामी खुसीसाथ सहभागी हुन्छौँ,' उनले भने। प्रतियोगितामा दिइने पुरस्कारले किसानलाई प्रोत्साहन गर्नु सकारात्मक भए पनि गोरु जुधाउँदा हुन सक्ने क्षतिको तुलनामा पुरस्कार राशि न्यून देखिन्छ। त्यसैले प्रतियोगितालाई थप व्यवस्थित र सुरक्षित बनाउने हो भने पुरस्कार रकम बढाउनुका साथै सहभागी गोरुको बिमा गर्ने व्यवस्था पनि आवश्यक देखिन्छ। यसले किसानको लगानी र पशुको सुरक्षालाई सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ। महतको गोरु जुधाइ केवल मनोरञ्जनका लागि गरिने प्रतिस्पर्धा मात्र होइन, यो गाउँको सामुदायिक एकता, कृषि सभ्यता र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदाको अभिव्यक्ति पनि हो। स्थानीय तहले यसको संरक्षण, प्रवर्द्धन र व्यवस्थित सञ्चालनमा चासो दिने हो भने महतको यो मौलिक परम्परा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने सांस्कृतिक पर्यटनको एउटा महत्त्वपूर्ण आधार बन्न सक्छ।

बालसाहस र राजनीतिक सहिष्णुताको कसीमा सदिक्षा प्रकरण





उदय के सी

रुकुम पूर्वको भूमे गाउँपालिका -९ चुनवाङकी १६ वर्षीया स्कुले बालिका सदिक्षा ओली हाल सामाजिक सञ्जालमा चर्चा र विवादको केन्द्रमा छिन्। आफ्नो गाउँमा जोखिमपूर्ण स्थितिमा रहेको काठे पुलको निर्माणका लागि यस क्षेत्रबाट निर्वाचित प्रतिनिधि सभा सदस्य तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष लगातार गुनासो राख्दा सुनुवाइ नभएपछि उनले उठाएको आवाजले राष्ट्रिय रूप लियो। उनले आफ्नो प्रतिनिधिसँग सामाजिक सञ्जालमार्फत समस्या राख्दा राख्दै अनपेक्षित रूपमा यो विषय भाइरल बन्न पुग्यो ।तर, यहाँ गम्भीर सामाजिक-मनोवैज्ञानिक पाटो के जोडिएको छ भने, शीर्ष नेतृत्वको नाम लिनबित्तिकै त्यसलाई प्रतिरक्षात्मक रूपमा लिने केही अन्धभक्त कार्यकर्ता र स्वयम् नेतृत्वको पंक्ति यस विषयमा अतिसयोक्तिपूर्ण ढङ्गले प्रस्तुत हुँदा घटनाले अनावश्यक राजनीतिक रङ्ग लियो। एउटी नाबालिका स्कुले बच्चीको गुनासोलाई बेवास्ता गर्नुको सट्टा उल्टै उनलाई दबाबमा पार्न प्रयोग गरिएको शक्ति वा बलले यदि त्यही काठे पुल बनाउन लगाइएको भए आज गालीको साटो स्याबासी पाउन सकिन्थ्यो। भलै काठे पुल बनाउने जिम्मेवारी संवैधानिक रूपमा स्थानीय तहको होला, तर जनगुनासो सुन्ने तहमा पुगेको आवाजलाई नजरअन्दाज गर्दै धम्क्याउने शैलीमा प्रस्तुत हुनु राजनीतिक असहिष्णुताको पराकाष्ठा हो।अर्कोतर्फ, एउटी अवोध बालिकालाई 'राजनीतिक रूपमा परिचालित' भएको आरोप लगाउँदै मानसिक हिंसा र साइबर आक्रमणको सिकार बनाइनुले हाम्रो समाजको मनोवैज्ञानिक कुण्ठा र पितृसत्तात्मक वा दलीय अहङ्कारलाई उदाङ्ग्याएको छ । एउटी बालिकाको चेतनास्तरमाथि यसरी धावा बोलिनु किमार्थ उचित होइन । यस घटनाले नेपाली राजनीति, समाज र मनोविज्ञानका तीनवटा गम्भीर आयामलाई प्रष्ट्याएको छ: सामाजिक-राजनीतिक मनोविज्ञान र असहिष्णुता: समाजमा मौलाएको निरन्तरको नकारात्मकता र अन्धभक्त राजनीतिक बचाउको प्रवृत्ति अत्यन्तै चिन्ताजनक छ।राजनीतिक दलका कार्यकर्ताहरूले रचनात्मक आलोचनालाई समेत सहने क्षमता गुमाउँदै जाँदा समाजमा अराजकता र विभाजन बढ्ने खतरा हुन्छ । सँधै नकारात्मकताको खेती गर्ने प्रवृत्तिको अन्त्य गर्दै सकारात्मक ऊर्जा र संवादको संस्कृति बसाल्नु आजको आवश्यकता हो । आलोचनालाई शत्रुका रूपमा नभई आत्मसमीक्षा र सुधारको अवसरका रूपमा लिन सक्ने राजनीतिक सुझबुझको खाँचो छ।बालसाहस र नागरिक सचेतना:सबैभन्दा सकारात्मक पक्ष के हो भने, ती बालिकाले देखाएको साहस र स्वलगानीमा पुल निर्माण गर्न सक्षम भएको यथार्थबाट सबैले पाठ सिक्नै पर्छ । विकास केवल राज्य वा सरकारको मुख ताकेर मात्र होइन, नागरिक सहभागिता र तल्लो तहको चेतनाबाट पनि सम्भव छ भन्ने गतिलो उदाहरण यसले प्रस्तुत गरेको छ।भलै यसले कानुनी र पदीय उत्तरदायित्व (Jurisdiction) को प्रश्न खडा गरेको छ। कुन विकास कसले गर्ने, कसको जिम्मेवारी के हो, लापरबाही कहाँ भयो र नियमन गर्ने निकाय कुन हो भन्ने विषयमा वस्तुनिष्ठ समीक्षा हुनुपर्छ।नेतृत्व र उत्तरदायित्वको संस्कृति: सदिक्षा प्रकरणले हामीलाई तीनवटा महत्त्वपूर्ण पाठ सिकाएको छ; पहिलो, नागरिकको गुनासोलाई धैर्यतापूर्वक सुन्ने र सम्बोधन गर्ने राजनीतिक संस्कृति फस्टाउनुपर्छ; दोस्रो, आलोचनालाई सहन सक्ने लोकतान्त्रिक मानसिक क्षमता विकास हुनुपर्छ; र तेस्रो, सँधै नकारात्मकता मात्रै दोहोऱ्याइरहने संस्कारको अन्त्य गरी सकारात्मक निर्माण र सहकार्यको सन्देश प्रवाह गर्नुपर्छ।विकास कुनै एक दल, व्यक्ति वा राजनीतिक आग्रहको पेवा होइन; यो साझा राष्ट्रिय मुद्दा बन्नुपर्छ।जबसम्म राज्यका निकाय, राजनीतिक नेतृत्व र नागरिकबीचको त्रिपक्षीय समन्वय र मनोवैज्ञानिक सहिष्णुता कायम हुँदैन, तबसम्म दिगो विकास र समृद्धिको कल्पना गर्न सकिँदैन । सदिक्षा प्रकरण केवल एउटा पुलको कथा होइन, यो नेपाली राजनीतिको कार्यशैली र सामाजिक चेतनाबीचको आत्मसमीक्षा गर्ने गतिलो कडी हो ।

सिंहदरबारको अधिकार गाउँमा पुगे पनि जनताको आशा अझै 'प्रचण्ड बाजे'को खल्तीमा : पूर्वसांसद घर्ती

पूर्व संघीय सांसद पूर्णबहादुर घर्तीले संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुसार सिंहदरबारको अधिकार गाउँ–गाउँमा पुगे पनि नागरिकमा विकासका लागि अझै पनि सांसद र शीर्ष नेताको मुख ताक्ने प्रवृत्ति कायम रहेको टिप्पणी गर्नुभएको छ। 'सिंहदरबारको अधिकार गाउँमा, तर आशा अझै प्रचण्ड बाजेको खल्तीमा!' शीर्षकमा आफ्नो धारणा सार्वजनिक गर्दै घर्तीले रुकुमपूर्वको भूमे गाउँपालिका–९ चुन्वाङमा काठको पुल भत्किएपछि उत्पन्न घटनाक्रमलाई उदाहरणका रूपमा प्रस्तुत गर्नुभएको हो।

उहाँले संघीयताले स्थानीय तहलाई अधिकार सम्पन्न बनाए पनि नागरिक र राज्यबीचको सम्बन्ध संस्थागत हुन नसकेको उल्लेख गर्नुभएको छ। स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विकास निर्माणका काममा समेत नागरिकले स्थानीय सरकारभन्दा सांसद र शीर्ष नेताबाट समाधान खोज्ने प्रवृत्ति देखिएको उहाँको विश्लेषण छ। घर्तीका अनुसार नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा विकास निर्माणका क्षेत्रमा विभिन्न एकल र साझा अधिकार प्रदान गरेको छ। तर व्यवहारमा भने जनताको अपेक्षा अझै पनि सांसद र शीर्ष नेताले व्यक्तिगत रूपमा बजेट उपलब्ध गराइदिने वा समस्या समाधान गरिदिने भन्ने मानसिकतामा केन्द्रित देखिन्छ। उहाँले सांसदको वास्तविक जिम्मेवारी नीति निर्माण, कानुन तर्जुमा तथा कार्यकारी सरकारमाथि निगरानी राख्नु भएको स्पष्ट पार्नुभएको छ। सांसदले आफ्नो इच्छाअनुसार राज्यको बजेट जहाँ मन लाग्यो त्यहाँ बाँड्न पाउने अधिकार नरहेको उल्लेख गर्दै विगतमा विवादित बनेको सांसद विकास कोषसम्बन्धी व्यवस्थाप्रति पनि ध्यानाकर्षण गराउनुभएको छ। घर्तीले २०७९ सालको निर्वाचनपछि संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम अदालतको निर्णयबाट खारेज भइसकेको सन्दर्भ उल्लेख गर्दै आम नागरिकमा अझै पनि सांसदले चाहेमा जहाँसुकै बजेट पार्न र पैसा दिन सक्छन् भन्ने भ्रम कायम रहेको बताउनुभएको छ।

भाइरल भिडियोपछि स्थानीय सरकारको प्रतिबद्धता

भूमे गाउँपालिका–९ चुन्वाङमा काठको पुल भत्किएपछि १६ वर्षीया सदीक्षा ओलीले सामाजिक सञ्जालमार्फत सम्बन्धित निकाय तथा जनप्रतिनिधिको ध्यानाकर्षण गराउनुभएको थियो। पुल निर्माणका लागि पटक–पटक आग्रह गर्दा पनि तत्काल समाधान नभएपछि उहाँ आफैंले पहल गरेर काठको पुल निर्माण गर्नुभएको थियो। यही घटनालाई जोड्दै घर्तीले पुल भत्किएपछि सदीक्षाको भिडियो



सार्वजनिक हुनासाथ वडा सरकार, गाउँपालिका सरकार र सांसद पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण भएको उल्लेख गर्नुभएको छ। उहाँका अनुसार वडाध्यक्षले वर्षायाम हटेपछि पुल निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो भने गाउँपालिका अध्यक्षले पनि सार्वजनिक कार्यक्रममार्फत पुल निर्माण गर्ने आश्वासन दिनुभएको थियो।तर जनप्रतिनिधिका प्रतिबद्धताका बाबजुद सदीक्षा आफैंले पुल निर्माण गर्नुभएको घटनाले स्थानीय सरकारको कार्यसम्पादन र नागरिकको अपेक्षामाथि प्रश्न उठाएको उहाँको भनाइ छ। पुल निर्माणमा सक्रियता देखाएको भन्दै घर्तीले सदीक्षा ओलीलाई धन्यवादसमेत दिनुभएको छ। उहाँले सदीक्षाको पहलबाट स्थानीयको आवागमन सहज बनेको स्वीकार गर्दै पुल निर्माण प्रक्रियाका कानुनी प्रावधानबारे राज्य र स्थानीय सरकारले समीक्षा गर्नुपर्ने धारणा राख्नुभएको छ।

विकासका लागि भाइरल संस्कृति कि संस्थागत प्रक्रिया?

घर्तीले सामाजिक सञ्जालमा कुनै समस्या भाइरल भएपछि मात्र राज्यका निकाय र जनप्रतिनिधि सक्रिय हुने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्नुभएको छ।उहाँले विकास निर्माणका काम सामाजिक सञ्जालको दबाब र व्यक्तिगत स्टन्टका आधारमा नभई कानुनी प्रक्रिया, संस्थागत जिम्मेवारी र सुशासनका माध्यमबाट अघि बढ्नुपर्ने बताउनुभएको छ।स्थानीय सरकारहरूले आफ्नो कार्यक्षेत्र भित्रका समस्याप्रति जिम्मेवार बन्दै नागरिकलाई समयमै जानकारी दिनुपर्ने र राजनीतिक दल तथा जनप्रतिनिधिहरूले चुनावका बेला विकासका नाममा अवास्तविक आश्वासन बाँड्ने संस्कृतिको अन्त्य गर्नुपर्ने उहाँको सुझाव छ। उहाँले सामाजिक सञ्जालमा कमजोरी र समस्या मात्र खोजेर सार्वजनिक गर्ने प्रवृत्तिभन्दा भएका विकास निर्माणका उपलब्धिलाई पनि आत्मसात् गर्दै सकारात्मक कामको मूल्याङ्कन गर्नुपर्नेमा जोड दिनुभएको छ।

राजनीतिक परिवर्तनले ल्याएका उपलब्धि बिर्सनु हुँदैन

घर्तीले नेपालमा भएका राजनीतिक परिवर्तनले समाजमा ठूलो रूपान्तरण ल्याएको उल्लेख गर्नुभएको छ। राजनीतिक परिवर्तनकै कारण पिछडिएका जाति, क्षेत्र र लिङ्गका समुदायमा जागरण आएको तथा विद्युत्, सूचना, सञ्चार र सडक पूर्वाधारमा उल्लेखनीय विकास भएको उहाँको भनाइ छ। उहाँले विगतको चुन्वाङ र अहिलेको चुन्वाङबीचको भिन्नता प्रस्तुत गर्दै राजनीतिक परिवर्तनअघि विद्यालयमा शौचालयसमेत नहुँदा विद्यार्थीले खोला किनार वा झाडीको ओत लाग्नुपर्ने अवस्था रहेको स्मरण गर्नुभएको छ। मोटर देख्नसमेत तीन–चार दिन पैदल हिँडेर दाङ पुग्नुपर्ने समयबाट अहिले पक्की विद्यालय भवन, अस्पताल र मोटरबाटो गाउँसम्म पुगेको अवस्थालाई उहाँले परिवर्तनको उपलब्धिका रूपमा व्याख्या गर्नुभएको छ।यी उपलब्धि सामाजिक सञ्जालको वाहवाहीबाट नभई लोकतान्त्रिक राज्यको निरन्तर प्रयास र जनप्रतिनिधिहरूको पहलबाट सम्भव भएको उहाँको तर्क छ। त्यसैले सामाजिक सञ्जालमा देखिएका तत्कालीन घटनालाई मात्र आधार बनाएर समग्र विकास प्रक्रियाको मूल्याङ्कन गर्न नहुने उहाँको धारणा छ।

भाइरल स्टन्टभन्दा संस्थागत विकास आवश्यक

घर्तीले पञ्चायतकालमा पनि गाउँका ठूला–बडाले आफ्नो खल्तीको पैसा खर्च गरेर बाटो खन्ने र पुल बनाउने गरेको स्मरण गर्नुभएको छ। त्यस्ता कामबाट नागरिकले सुविधा पाए पनि त्यसको जस भने प्रधानपञ्च र मुखियाहरूले लिने गरेको उहाँको भनाइ छ।

उहाँले विगतको सामन्ती परोपकारको शैली र अहिले देखिने भाइरल स्टन्टबीच धेरै भिन्नता नरहेको टिप्पणी गर्नुभएको छ। नागरिकले स्थानीय सरकारलाई पूर्ण विश्वास गर्न नसक्नु र जनप्रतिनिधिहरूले पनि व्यक्तिगत प्रचार, कोष तथा भाइरल गतिविधिको मोह त्याग्न नसक्नुले संघीयताको मर्म कमजोर बनाएको उहाँको विश्लेषण छ।

अन्त्यमा घर्तीले आवेग, सामाजिक सञ्जालको कोलाहल र राजनीतिक स्टन्टलाई प्रश्रय दिनुभन्दा संस्थागत उत्तरदायित्व, विधिको शासन र प्रणालीगत विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको छ। उहाँका अनुसार समाज र राष्ट्रप्रतिको वास्तविक जिम्मेवारी सामाजिक सञ्जालमा चर्चा बटुल्नु मात्र नभई कानुनी विधि र संस्थागत प्रक्रियामार्फत नागरिकका समस्या समाधान गर्ने संस्कृतिको विकास गर्नु हो।

सदिक्षाको खबरदारी कि तमासा ?

विशाल गिरी

सामाजिक सञ्जाल आज आवाजविहीनहरूको आवाज बनेको छ। अन्यायविरुद्ध बोल्न, जनप्रतिनिधिलाई खबरदारी गर्न, समाजका समस्या उजागर गर्न र सकारात्मक कामको प्रशंसा गर्न यसले महत्वपूर्ण भूमिका खेलिरहेको छ। तर यही माध्यम कहिलेकाहीँ वास्तविकताभन्दा उत्तेजना, तथ्यभन्दा आरोप र समाधानभन्दा प्रचारलाई प्राथमिकता दिने थलोसमेत बनिरहेको छ।पछिल्लो समय भूमे गाउँपालिका–९, चुनवाङकी सदिक्षा ओलीले सामाजिक सञ्जाल फेसबुकमा 'प्रचण्ड बाजे, खोलामा पुल बनाइदिनुपऱ्यो' भन्ने आशयका भिडियोहरू सार्वजनिक गरिन्। ती भिडियोले सामाजिक सञ्जालमा व्यापक चर्चा पाए। कतिपयले उनको साहस र जनसरोकारको विषय उठाएको भन्दै प्रशंसा गरे भने कतिपयले प्रचण्डको निर्वाचन क्षेत्रसँग जोडेर त्यहाँको विकास र जनप्रतिनिधिको जिम्मेवारीमाथि प्रश्न उठाए। यसरी एउटा काठेपुलको विषय सामाजिक सञ्जालमा बहसको केन्द्र बन्यो। निश्चय नै, उनले उठाएको विषयलाई अन्यथा लिन मिल्दैन। आफ्नो गाउँको समस्या सार्वजनिक गर्नु, जनप्रतिनिधिसँग प्रश्न गर्नु र विकासको माग राख्नु नागरिकको लोकतान्त्रिक अधिकार हो। एउटा युवतीले आफ्नो गाउँको समस्या सार्वजनिक रूपमा उठाउनु आफैंमा सकारात्मक पक्ष हो। तर यस्ता विषयमा बहस गर्दा एउटा प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ– हाम्रो उद्देश्य समस्या समाधान गर्नु हो कि समस्यालाई चर्चाको विषय बनाएर व्यक्तिगत लोकप्रियता हासिल गर्नु? यो प्रश्न कुनै व्यक्तिप्रति लक्षित होइन, सामाजिक सञ्जालमा विकसित हुँदै गएको प्रवृत्तिप्रति हो।

चुनवाङको विकास एउटा काठेपुलमा मात्र सीमित छैन

भूमे गाउँपालिका, विशेषगरी चुनवाङको विकासक्रमलाई समग्रतामा हेर्ने हो भने पछिल्ला वर्षमा भएका परिवर्तनलाई एउटा काठेपुलको तस्बिर वा भिडियोका आधारमा मात्र मूल्याङ्कन गर्न सकिँदैन।चुनवाङमा सडक सञ्जाल विस्तार भएको छ। विभिन्न खोलामा पक्की पुल निर्माण भएका छन् । सुरक्षा पोस्ट स्थापना भएका छन्। जनयुद्धको ऐतिहासिक उद्गमस्थलका रूपमा परिचित चुनवाङमा भेरीडाँडा लगायतका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र पर्यटन प्रवर्द्धनका विषयले पनि महत्व पाउँदै आएका छन्। त्यसैगरी कृषि क्षेत्रमा अनुदान तथा लगानीका कार्यक्रम सञ्चालन भएका छन्। शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सिँचाइ, सामाजिक विकास र स्थानीय पूर्वाधारका क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयन भएका छन्। कतिपय काम यस्ता पनि छन्, जसको सामाजिक सञ्जालमा चर्चा हुँदैन, तर तिनले स्थानीय नागरिकको दैनिक जीवनमा सहजता थपेका छन्। भूमे गाउँपालिकाले विभिन्न समयमा प्राप्त गरेका सम्मान तथा उपलब्धिहरू पनि स्थानीय तहको संस्थागत प्रयासका सन्दर्भमा उल्लेखनीय छन्। यसको अर्थ गाउँपालिकाका सबै काम पूर्ण छन् वा कुनै कमजोरी छैन भन्ने होइन। तर भएका कामलाई बेवास्ता गर्दै एउटा अपूर्ण संरचनालाई समग्र विकासको ऐना बनाउनु पनि न्यायोचित हुँदैन। विकासको आवश्यकता अझै धेरै छ।

नागरिकका अपेक्षा र विकासको गतिबीच दूरी हुन सक्छ। कतिपय बस्तीमा सडक पुगेको छैन, कतिपय खोलामा पुल निर्माण हुन बाँकी छ भने कतिपय घरपरिवार अझै सुरक्षित खानेपानीको पहुँचबाट टाढा छन्। विकास निरन्तर चलिरहने प्रक्रिया हो। त्यसैले बाँकी रहेका काम देखाउनु र भइसकेका कामलाई नै अस्वीकार गर्नु एउटै कुरा होइन।

नेतृत्वको जिम्मेवारी र नागरिकको खबरदारी

सामाजिक सञ्जालमा कतिपयले जनप्रतिनिधिको जिम्मेवारी नीति निर्माण गर्ने, योजना बनाउने र बजेट विनियोजन गर्ने हो, प्रत्येक खोलामा पुल खोज्दै हिँड्ने होइन भन्ने तर्क पनि गरेका छन्। यस तर्कमा केही व्यावहारिक पक्ष अवश्य छन्। तर जनप्रतिनिधिको जिम्मेवारी बजेट विनियोजन गरेपछि मात्र समाप्त हुँदैन। विनियोजित बजेटबाट योजना कार्यान्वयन भयो कि भएन, नागरिकले अपेक्षित सेवा पाए कि पाएनन् र स्थानीय आवश्यकताहरू सम्बोधन भए कि भएनन् भन्ने विषयको जवाफदेहिता पनि नेतृत्वसँगै जोडिन्छ। त्यसैगरी नागरिकको खबरदारी लोकतन्त्रको महत्वपूर्ण पक्ष हो। जनताले प्रश्न गर्न पाउनुपर्छ, नेतृत्वले जवाफ दिनुपर्छ र सार्वजनिक सरोकारका विषयमा बहस हुनुपर्छ। तर खबरदारीका नाममा व्यक्तिगत मानमर्दन गर्ने, चरित्रमाथि प्रहार गर्ने, तथ्य नबुझी निष्कर्ष सुनाउने र अनावश्यक आरोप लगाउने प्रवृत्ति उचित होइन। खबरदारी भनेको सुधारका लागि उठाइएको आवाज हो, कसैलाई अपमानित गर्ने वा तर्साउने माध्यम होइन। समस्या देखाउनु नागरिकको अधिकार हो, समाधान माग्नु नागरिकको सरोकार हो। तर समस्यालाई व्यक्तिगत प्रचारको माध्यम बनाउनु र अरूका योगदानलाई शून्य देखाउनु जिम्मेवार नागरिक व्यवहार हुन सक्दैन।

सामाजिक सञ्जालमा कति चर्चा, कति स्वाभिमान ?

आज सामाजिक सञ्जालमा एउटा भिडियो भाइरल हुनासाथ त्यसको पछाडि लाइक, कमेन्ट, फलोअर र आर्थिक आम्दानीको चर्चा सुरु हुन्छ। सामाजिक समस्यालाई उठाउने विषयलाई समेत कतिपयले फेसबुकबाट हुने आम्दानीसँग जोडेर हेर्ने गरेका छन्। तर कसैले सामाजिक सञ्जालमा भिडियो सार्वजनिक गर्दैमा उसले आर्थिक लाभकै उद्देश्य राखेको हो भन्ने निष्कर्ष निकाल्न मिल्दैन। त्यस्तै आलोचना गर्ने सबैलाई गलत नियतको भन्नु पनि उचित हुँदैन। यद्यपि एउटा गम्भीर प्रश्न भने उठ्छ– सामाजिक सेवाको नाममा व्यक्तिगत प्रचार गर्नु, अरूको नाम र योगदानलाई प्रयोग गरेर लोकप्रियता खोज्नु तथा सहयोगको अपेक्षालाई सामाजिक सञ्जालको प्रदर्शनमा बदल्नु कति उचित हो? सहयोग माग्नु गलत होइन। सार्वजनिक सरोकारका विषयमा सहयोग जुटाउनु पनि गलत होइन। तर सहयोग, सामाजिक जिम्मेवारी र व्यक्तिगत स्वाभिमानबीचको सन्तुलन बुझ्न आवश्यक छ। पुल निर्माण गर्नुपर्ने हो भने सम्बन्धित निकायमा माग राखौँ, योजना प्रस्ताव गरौँ, बजेटको माग गरौँ र आवश्यक परे नागरिक अभियान सञ्चालन गरौँ। समस्या समाधानका लागि सामूहिक पहल गरौँ। तर विकासको मागलाई व्यक्तिको नाम जोडेर एकअर्कालाई होच्याउने प्रतिस्पर्धामा रूपान्तरण नगरौँ।

राम्रा कामको चर्चा किन हुँदैन?

हाम्रो समाजको एउटा विडम्बना छ– एउटा कमजोरी भेटियो भने त्यसलाई सयौँ पटक साझा गरिन्छ, तर समाजका लागि वर्षौँदेखि योगदान गरिरहेका व्यक्ति र संस्थाको चर्चा गर्न भने हामीमध्ये धेरैलाई फुर्सद हुँदैन। समाजमा करोडौँ रुपैयाँ खर्च गरेर सामाजिक काम गर्ने, विद्यालय निर्माणमा सहयोग गर्ने, विपन्न परिवारलाई साथ दिने र हजारौँ मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउन योगदान गर्ने व्यक्तिहरू पनि छन्। कतिपयले आफ्नो कामको प्रचार गर्दैनन्। उनीहरूका लागि कर्म नै परिचय बनेको हुन्छ। तर यसको अर्थ राम्रो काम गर्नेले आफ्नो काम सार्वजनिक गर्नु हुँदैन भन्ने होइन। सार्वजनिक कामको विवरण सार्वजनिक गर्नु पारदर्शिता र जवाफदेहिताको विषय हो। तर अरूलाई होच्याएर आफूलाई ठूलो देखाउने प्रयास भने आत्मप्रचारको कमजोर अभ्यास हो। हामीले सकारात्मक कामको प्रशंसा गर्ने र कमजोरीमाथि प्रश्न उठाउने दुवै संस्कार विकास गर्नुपर्छ। समाजलाई अगाडि बढाउन आलोचना पनि चाहिन्छ र योगदानको सम्मान पनि।

आलोचना गरौँ, तर न्यायसहित

फेरि स्पष्ट पारौँ– चुनवाङको उक्त काठेपुल निर्माण हुनुपर्छ। नागरिकले उठाएको माग सम्बोधन हुनुपर्छ। सम्बन्धित जनप्रतिनिधि र निकायले पुलको वास्तविक अवस्था, आवश्यकता र जोखिमको अध्ययन गरी समाधानको बाटो खोज्नुपर्छ। एउटा काठेपुलका कारण नागरिकको आवतजावत जोखिमपूर्ण बनेको छ भने त्यसलाई सामान्य समस्या ठानेर पन्छाउन मिल्दैन। तर एउटा पुल निर्माण हुन बाँकी रहेको कारणले चुनवाङमा भएका अन्य विकासका कामलाई बिर्सनु पनि न्यायसंगत हुँदैन। विकासको मूल्याङ्कन गर्दा उपलब्धिको प्रशंसा र कमजोरीको आलोचना दुवै गर्न सक्नुपर्छ। न नेतृत्वको अन्धसमर्थन उचित हो, न नेतृत्वले गरेका सबै कामलाई एउटा भिडियोको आडमा अस्वीकार गर्नु उचित हो। कसैले राम्रो काम गरेको छ भने खुलेर प्रशंसा गरौँ। कमजोरी गरेको छ भने तथ्यसहित प्रश्न गरौँ। प्रश्नको भाषा सभ्य होस्, तथ्य स्पष्ट होस् र उद्देश्य सुधार होस्। किनकि समाज निर्माणको जिम्मेवारी जनप्रतिनिधिको मात्र होइन। नागरिक, सामाजिक अभियन्ता, युवा, राजनीतिक दल र सरोकारवाला सबैको साझा दायित्व हो। अन्त्यमा...एउटा काठेपुलको मागले चुनवाङको विकासबारे बहस सिर्जना गरेको छ भने त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ। तर त्यो बहसले चुनवाङमा भएका अन्य विकासका उपलब्धिलाई ओझेलमा पार्नु हुँदैन। बरु बाँकी रहेका समस्या समाधान गर्ने नयाँ ऊर्जा र दबाब सिर्जना गर्नुपर्छ। हामीलाई भिडियो भाइरल बनाउनेभन्दा समस्या समाधान गर्ने सोच चाहिएको छ। एकअर्काको कमजोरी देखाएर ताली बटुल्नेभन्दा मिलेर गाउँ बनाउने संस्कार चाहिएको छ। आफू राम्रो देखिन अर्कोलाई नराम्रो देखाउनैपर्छ भन्ने छैन। आफ्नो कर्मको उचाइ देखाउन अरूको योगदानलाई होच्याउनुपर्ने पनि छैन।विकासको बहस कुनै व्यक्ति वा दलको पक्ष र विपक्षमा सीमित हुनु हुँदैन। यो नागरिकको आवश्यकता, सार्वजनिक स्रोतको सदुपयोग र जवाफदेही नेतृत्वसँग जोडिनुपर्छ। अन्ततः समाजले शब्दभन्दा कर्मको मूल्याङ्कन गर्नेछ। सामाजिक सञ्जालमा भाइरल भएका भिडियो केही समयपछि ओझेलमा पर्न सक्छन्, तर समाजका लागि गरिएका वास्तविक योगदान र समाधान हुन बाँकी समस्याहरू इतिहासमा रहिरहनेछन्। एउटा पुल बन्नैपर्छ, तर एउटा पुलको बहानामा समग्र विकासको मूल्याङ्कनलाई पूर्वाग्रही बनाउनु पनि हुँदैन।

विजयराज आचार्य



कोदोबारी...

"ए तिमीहरू पनि आएका छौ ?" हेडसरले मुस्कराउँदै सोध्नुभयो ।"शङ्कर सर, एउटा कुरा भन्नु थियो," भावनाले मुखले नङ टोक्दै भनी । "के कुरा हो भन न," शङ्कर सरले सोध्नुभयो ।"आशा दिदीको बारीको कोदो बाँदरले सक्न थाल्यो रे । कोदो काट्न चार दिनलाई छुट्टी चाहियो रे,"

"एकदम राम्रो, यसै गरौँ," सबै सर मिसले सहमति जनाउनुभएछ ।बिहीबारको दिन थियो । म कक्षामा पढिरहेको थिएँ । गाउँकी एउटी दिदी आएर बारीभरि बाँदर आएर तिम्रो बारीको कोदो सक्नै आँट्यो भनेर सुनाइन् । म सरासर अफिसमा गएर हेडसरलाई सुनाएँ । "हो र !" हेडसर हडबडाउनुभयो ।

"ए आशा, एकाबिहानै चिरिच्याट्ट परिछेस् त, किन हो ? स्कुल जाने वेला पनि भएको छैन ।" मेरी पचासी वर्षीय हजुरआमा तुलसीले चाउरी परेका गाला फिस्स पार्दै सोधिन् ।"स्कुल नै त जान थालेको हैन आवै।स्कुलका सबै जना वर्माथान राम हेर्न जाने रे । म पनि त्यहीँ जान थालेकी," मैले हजुरआमाका मुजा परेका गाला मुसारिदिँदै भनेँ ।"राम हेर्न जान्छु रे !" हजुरआमाको अनुहार एकाएक मलिन भयो । उहाँको आँखाबाट आँसु झर्न थाले ।"के भयो एकाएक मेरी प्यारी आवैलाई, किन मलिन अनुहार पारेकी ? म कहिल्यै नफर्कने गरी जान थालेको हूँ र ? त्यही वर्माथानको राम हेरेर दिउँसो फर्किहाल्छु नि । चिन्ता मान्नु पर्दैन आवै," मैले हजुरआमाका गालाका आँसु पुछिदिँदै भनेँ ।"तँ नफर्कने ठाउँमा जान थालिस् भनेर चिन्ता गरेकी हूँ र?" बोल्दाबोल्दै हजुरआमा भक्कानिइन् । बोल्नै सकिनन् ।"किन रोएको त ? हिँड्ने वेलामा हाँसेर पो विदाइ गर्नुपर्छ !," मैले सम्झाउँदै भनेँ। "छया ! यो गरिबको जुनी । साथमा फुटेको कौडी छैन । वृद्धभत्ता लिने बेला पनि भएको छैन । नातिनीलाई राममा खर्च गर्न दुई पैसा दिन पनि सकिएन । साथीहरूले राममा के–के किनेर खालान्, यसले त साथीहरूले खाएको टुलुटुलु हेर्ने त होली ! कति चित्त दुख्ला बिचरी ! गरिब भएर जन्मनुभन्दा त नजन्मिएकै राम्रो ।" हजुरआमा एक्लै बर्बराइन् । उनको गला अवरुद्ध थियो, आँखाबाट आँसु बर्सिरहेका थिए ।"त्यही भएर चित्त दुखाएको आवै ? के तपाईलाई थाहा छैन कुटेडाँडा गरिबैगरिबको बस्ती हो भनेर ? हाम्रो स्कुलमा पढ्ने सबै यही कुटेडाँडाका त हुन् नि । ल अरूले त केही किनेर खालान् रे, तिमीलाई थाह नै छ, मेरो र भावनाको हालत उस्तै छ भनेर । घरमै मागेको मुहीमा मुछेर टन्न आटो खान्छौँ, भरे घर आइपुगिहाल्छौँ। के राममा किनेर खानै पर्छ भन्ने छ र ?" मैले सम्झाउँदै भनेँ ।"हो बा, त्यो भावनाको पीडा सम्झँदा पनि मनै अमिलिन्छ । त्यो जम्मा डेढ बर्षकी थिई, आमा पोइल गई । बाउले अर्को स्वस्नी ल्यायो । तँलाई त सानीमाले माया गर्छे । ऊ त जन्मघरमा बस्नै सकिन, मावल गई । आफ्नो घरमा नअटाएकी अर्काको घरमा के अट्थी ? मावलमा पनि अर्घेली भएकी छ । दश वर्षकी बालखा, बल्ल तीन कक्षामा पढ्छे । कठै यो गरिबको जुनी !" भावनाको पीडा सम्झेर हजुरआमा त झन् रुन पो थालिन् ।आफ्नो पीडामा भावनाको पीडा पनि मिसियो । मन भारी भयो । एकाएक भक्कानो छुट्यो । म पनि हजुरआमासित डाँको मिलाएर रुन थाले । छया ! गाउँलेले सुने भने के भन्लान् ! जबरजस्ती सँभालिएँ । हजुरआमालाई नरोऊ भनेर सम्झाएँ । लामो समयसम्म नातिनी बज्यै हिक्कहिक्क गरिरह्यौँ ।अरूको पीडाले मन छुँदो रहेछ । आफ्नो पीडाले मन गाल्दो रहेछ । मेरो र भावनाको अवस्थामा के फरक छ र ? म पनि सानै हुँदा आमा पोइल हिँडिन् । बाले सानिमा विवाह गरे । मेरो आमापट्टि तीन छोराछोरी थियौँ । दिदी सानैमा पोइल गई । गरिबीकै कारण दाइले पढ्न पाएनन् । उल्टै लडेर अङ्गभङ्ग भयो । दाइलाई उपचार गर्न भएभरको सम्पत्ति बन्धक राखेर ऋण लिनु प¥यो । बाँकी त्यही एउटा कोदोबारी र यही एउटा झुपडी छ ।

शरीरभरि स्टिल बोकेर दाइ लाहुर जान बाध्य भयो । उफ्, यो दुःखैदुःखको पहाडले थिचेर थिल्थिलो भयो जिन्दगी । छया ! म त कस्तो पीडैपीडाको सागरमा डुबेर टोलाउन पुगेछु । "ए आशा ! किन टोलाएकी ? राम हेर्न जाने भए जा । अबेला भइसक्यो," हजुरआमाले बोलाउँदा म त झसङ्ग झस्किएकी । "हस् आवै, म गएँ ।" म आँगनको डिलनेर पुगेको थिएँ । "ए आशा, सुन तो," हजुरआमाले भनिन् । "किन आवै ?" मैले सोधेँ। "राम हेर्न हेडसर पनि जानुहोला । भेटिस् भने भोलिदेखि चारदिन स्कुल आउन्न भनेर बिदा मागेर आइज है । वरपरका सबैले कोदो काटिसके । हाम्रो कोदो बाँदरले झिटिमिटी पार्देला भन्ने डर भो । त्यही कोदो पनि बाँदरले खाइदियो भने के खाएर बाँच्ने हो र ? पाइएछ भने एक दुई जना खेतरा खोज्छु कर !," हजुरआमाले लामो सुस्केरा हाल्दै भनिन् । "हुन्छ आवै भन्छु । कक्षा शिक्षक रमिला मिसलाई त अस्तिजो भनिसकेकी छु । भेटेँ भनेँ आज हेडसरलाई पनि भन्छु," हजुरआमालाई विश्वास दिलाएर म राम हेर्न वर्माथानतिर हिँडेँ । बाटाभरि म भावना र मेरा पीडामा डुबेछु । कसरी वर्माथान पुगेँ पत्तै पाइँन । भावना र मेरा दुःखका कथा उस्तैउस्तै छन् ।मलाई हजुरआमा, सानीआमा र सबै परिवारले बेस्मरी माया गर्छन् । मेरो पीडा गरिबी हो । उसलाई कसैले पनि माया गर्दैनन् । ऊ मायाको अभाव र गरिबीको पीडामा रन्थनिएकी छे । सबैको माया हुँदा त मलाई बाँच्न मुस्किल भएको छ । कसरी बाँचेकी होला बिचरा भावना ! बेला–बेला फिस्स हाँस्छे । कसरी हाँसेकी होला ? मलाई त आफ्नो पीडाले भन्दापनि भावनाको पीडाले चिमोटिरहन्छ । "ओहो आशा ! तँ पनि आइपुगिस् ?" सबै साथीहरूको स्वर सुनेर म झसङ्ग झस्किएँ । सबै साथीहरू वर्माथान आइपुगिसकेका रहेछन् । भावना पनि त्यहीँ थिई । सबै साथीहरूको मुहार चम्किलो थियो । भावनाको अनुहार भने मलिनो थियो ।

एकछिनको हाई हेल्लोपछि बाख्रा बाख्रासित, भेडा भेडासित भनेझैँ साथीहरू राममा रमाउन थाले । सुन्तला, केरा, तरुल, बदाम, समोसा, पानीपुरी, चटपटे, जुलेबी आदि किनेर रमाउँदै खान थाले । म र भावना एक छेऊमा उभिएर साथीहरू रमाएको टुलुटुलु हेरिरह्यौँ । खान त हाम्लाई पनि मन थियो नि ! के गर्ने साथमा फुटेको कौडी थिएन "राम हेर्ने त रमाइलोको लागि नै हो । किन किन आज मलाई नरमाइलो लागिरहेको छ, आशा दिदी ।" भावनाले निन्याउरो स्वरमा भनी । "रमाइलो मलाई पनि कहाँ लागेको छ र ! हेडसरलाई भेटेर कोदो काट्न बिदा माग्न पाए घर गइहाल्न हुन्थ्यो," मैले भनेँ । सानी आमा दाउरा काट्न जाँदा भिरबाट लडिन् । शरिरभरि चोटपटक लाग्यो । गाउँलेले बिजुवार अस्पतालमा लगे । अप्रेसन गर्नुपर्छ, अन्तै ठुलो अस्पतालमा लग्नुपर्छ भने डाक्टरले । बुबासँग सल्लाह गरेर लाहुरै गएर उपचार गर्ने भइन् । जाने बेलामा मलाई सम्झाउँदै भनेकी थिइन्–हजुरआमाको ख्याल राखेस् । खेतबारीको अन्नबाली हेरेस् । राम्ररी पढेस् । बल्ल एघार वर्षकी भएँ । चार कक्षामा पढ्छु ।

कोदोबारी.....

खै कसरी समाल्ने हो यो घरबार । म त फेरि कल्पनाको सागरमा डुब्न पुगेछु । छया ! "आशा दिदी, किन टोलाएको ?" भावनाले झस्काई । छया ! कति झस्कनु परेको ! झस्कँदाझस्कँदै जिन्दगी सकिने भो ।"ए आशा दिदी, उता हेर्नुस् त," भावना एकाएक चिच्याई । "के ?" मैले सोधेँ । "ऊ हेडसर, गएर विदा माग अनि घर जाम्ला," भावनाले भनी । "भावना, कृपया तिम्ले बिदा मागिदेऊ न है । किन किन मलाई भन्न डर लागिरहेको छ," मैले अनुरोध गरेँ । "हुन्छ । माग्न त मागिदिउँला । तिमी पनि सँगै जानुपर्छ है ?" उसले पनि अनुरोध गरी । म र भावना हेडसर नजिक गयौँ । "ए तिमीहरू पनि आएका छौ ?" हेडसरले मुस्कराउँदै सोध्नुभयो ।"शङ्कर सर, एउटा कुरा भन्नु थियो," भावनाले मुखले नङ टोक्दै भनी । "के कुरा हो भन न," शङ्कर सरले सोध्नुभयो ।"आशा दिदीको बारीको कोदो बाँदरले सक्न थाल्यो रे । कोदो काट्न चार दिनलाई छुट्टी चाहियो रे," भावनाले डराइ–डराइ भनी । शङ्कर सरले एकछिन टोलाएर मलाई क्वार्क्वार्ती हेर्नुभयो र लामो सास फेर्दै भन्नुभयो, "बिदा मिल्दैन, पढाइ बिग्रन्छ, तिमी खुरुखुरु स्कुल आउनू ।" हेडसरको कुराले मेरो मन अलमलमा प¥यो । बरु छुट्टी नमागी घर बस्नु पर्ने रहेछ जस्तो लाग्यो । मैले हेडसरले भनेजस्तै गरेँ । मेरो कुराले शङ्कर सरको मनमा चसक्क घोचेछ । उहाँले हाम्रो कोदो काटिदिने योजना बनाउनुभएछ । उहाँ सरासर स्कुल गएर अन्य सर मिससित शुक्रबारको अतिरिक्त कृयाकलाप अन्तर्गत हाम्रो कोदो काटिदिने योजना सुनाउनुभएछ । "एकदम राम्रो, यसै गरौँ," सबै सर मिसले सहमति जनाउनुभएछ ।बिहीबारको दिन थियो । म कक्षामा पढिरहेको थिएँ । गाउँकी एउटी दिदी आएर बारीभरि बाँदर आएर तिम्रो बारीको कोदो सक्नै आँट्यो भनेर सुनाइन् । म सरासर अफिसमा गएर हेडसरलाई सुनाएँ । "हो र !" हेडसर हडबडाउनुभयो । उहाँले सबै सर मिसहरूलाई बोलाएर भन्नुभयो, "भोलि गर्ने काम आजै गर्नुपर्ने भयो । रविना मिस, हिरा मिस र लक्ष्मी मिसले कक्षा चार, पाँच र छका विद्यार्थीहरू लगेर कोदो काटिदिनुस् । म, सर्वजित सर र डेकबहादुर सरले कक्षा तीनसम्मलाई पढाउँछौँ ।" "कोदो केले काट्ने सर ?" लक्ष्मी मिसले सोध्नुभयो ।"विद्यार्थीलाई घर–घरमा गएर हँसिया र करौँती लिएर आउन भन्नुस् । अपुग जति छिमेकीको घरमा माग्नुहोला ।" हेडसरले सुझाव दिनुभयो ।तीन जना मिस र सैँतीस जना विद्यार्थी मिलेर हाम्रो बारीमा कोदो काट्न गयौँ ।"हुर्रे !" कोदो एक घण्टामा नै काटिसकियो । म त दङ्ग परेँ । चार दिनमा काटिसक्ने भनेको कोदो एक घण्टामै काटिसकियो । यो देखेर हजुरआमा पनि दङ्ग परिन् ।"ए आशा, होटलमा गएर अर्नी बनाउन भन त । यत्रो दुःख गर्ने मिस र नानीबाबुहरूलाई खुवाउनुपर्छ । सबैलाई मेरो आशिष् छ है ।" हजुरआमाले खुसी हुँदै भनिन् ।"पर्दैन पर्दैन आमा, हामीले स्कुलमा नै खाएर आएका हौँ । हाम्लाई तपाईंको आशिष् भए पुग्छ," हिरा मिसले मुसुक्क मुस्कुराउँदै भन्नुभयो । कोदो काटिदिन पाएकोमा साथीहरू पनि मख्ख थिए । मिसहरू पनि गद्गद् हुनुहुन्थ्यो । म र हजुरआमा पनि खुसी थियौँ । झन्, हेडसर कति खुसी हुनुभयो होला ? 'बाह ! कोदो त काटिसकियो । धन्य हेडसर, तपाईंको सोचलाई । कसरी तिरम्ला र तपाईंको गुन ? सकेँ भने मस्तै पढ्छु अनि हजुरजस्तै असल शिक्षक बन्छु ।' मनमा यस्तै कुरा खेलिरहे । फेरि मनमा अर्को कुरा खेल्न थाल्यो– 'कोदो त एक घण्टामै काटियो । यति लामो जिन्दगी कसरी काट्ने होला !'

दृष्टिकोण र विचार



उपेन्द्रलाल कामी विषय प्रवेश : राजनीतिक तथा सामाजिक जीवनमा सबैभन्दा बढी प्रयोग हुने शब्दहरूमध्ये 'दृष्टिकोण' र 'विचार' प्रमुख हुन्। राजनीतिक दलका नेता, कार्यकर्ता, बुद्धिजीवी, सामाजिक अभियन्ता तथा आम नागरिकले दैनिकजसो यी शब्द प्रयोग गरिरहेका हुन्छन्।

तर विडम्बना के छ भने, यी शब्दको वास्तविक अर्थ, दार्शनिक आधार, प्रकृति, विशेषता र अन्तरसम्बन्धबारे गहिरो अध्ययन तथा व्याख्या गर्ने प्रवृत्ति अपेक्षाकृत कमजोर देखिन्छ। कतिपय अवस्थामा दृष्टिकोण र विचारलाई एउटै अर्थमा बुझ्ने र एकअर्काको पर्यायवाचीका रूपमा प्रयोग गर्ने गरिएको पाइन्छ।

यद्यपि दार्शनिक तथा वैचारिक दृष्टिले यी दुईबीच घनिष्ठ सम्बन्ध हुँदाहुँदै पनि स्पष्ट भिन्नता रहेको छ। विशेषगरी कम्युनिस्ट राजनीतिक दर्शनमा दृष्टिकोण र विचारको अत्यन्त महत्त्वपूर्ण स्थान छ। मार्क्स, एङ्गेल्स, लेनिन र माओलगायतका दार्शनिक तथा विचारकहरूले समाज, वर्ग, उत्पादन सम्बन्ध, राज्यसत्ता, शोषण, उत्पीडन र सामाजिक रूपान्तरणका विषयलाई निश्चित दार्शनिक दृष्टिकोणका आधारमा विश्लेषण गर्दै विचार, सिद्धान्त र राजनीतिक कार्यदिशाको विकास गरेका छन्। उनीहरूले समाजलाई बुझ्ने र परिवर्तन गर्ने प्रक्रियामा वर्गीय पक्षधरता, द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादलाई महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गरेका छन्। वास्तवमा मानिसले संसारलाई कसरी हेर्छ, समाजमा विद्यमान समस्यालाई कसरी बुझ्छ, सही र गलतको मूल्याङ्कन कुन आधारमा गर्छ र परिवर्तनका लागि कस्तो बाटो रोज्छ भन्ने कुरा उसको दृष्टिकोण र विचारसँग जोडिएको हुन्छ। मानिसको चेतना, व्यवहार, निर्णय, सामाजिक सम्बन्ध र राजनीतिक क्रियाकलापलाई निर्देशित गर्ने प्रमुख तत्त्वमध्ये दृष्टिकोण र विचार महत्त्वपूर्ण छन् । आजको नेपाली राजनीतिक परिवेशलाई नियाल्दा यो विषय झन् सान्दर्भिक देखिन्छ। २०८२ भदौको जेनजी आन्दोलनले नेपालको परम्परागत राजनीतिक संरचना, नेतृत्व शैली र शासन सञ्चालनको तौरतरिकामाथि गम्भीर प्रश्न उठायो। त्यसपछि भएको राजनीतिक परिवर्तन र २०८२ फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनबाट नयाँ राजनीतिक शक्तिको उदयले नेपाली राजनीतिमा जनताको अपेक्षा, असन्तुष्टि र परिवर्तनको चाहना स्पष्ट रूपमा अभिव्यक्त गऱ्यो। दशकौँदेखि स्थापित राजनीतिक दलहरूको जनमत कमजोर हुनु केवल निर्वाचनको परिणाम मात्र थिएन; त्यो उनीहरूको कार्यशैली, नेतृत्व, राजनीतिक संस्कार र जनतासँगको सम्बन्धमाथि व्यक्त भएको असन्तुष्टिको अभिव्यक्तिसमेत थियो। तर यहाँ एउटा गम्भीर प्रश्न उठ्छ । के नेतृत्व परिवर्तन हुँदैमा राजनीतिक दृष्टिकोण परिवर्तन हुन्छ? के नयाँ राजनीतिक शक्ति उदाउँदैमा नयाँ राजनीतिक संस्कार स्थापित हुन्छ? के पुराना दलको असफलताको आलोचना गरेर मात्र नयाँ राजनीतिक विचार निर्माण हुन्छ? अनि के विचार र सिद्धान्तको नाम उच्चारण गर्दैमा त्यसको वास्तविक प्रतिनिधित्व गर्न सकिन्छ ? यी प्रश्नको उत्तर खोज्न दृष्टिकोण र विचारको अर्थ बुझ्नु आवश्यक छ। यस लेखमा दृष्टिकोण र विचारको दार्शनिक आधार, तिनको अन्तरसम्बन्ध, राजनीतिक जीवनमा तिनको महत्त्व र वर्तमान नेपाली राजनीतिक परिवेशमा देखिएका प्रवृत्तिको विश्लेषण गर्ने प्रयास गरिएको छ।दृष्टिकोणको अर्थ, स्वरूप र विशेषता :दृष्टिकोण भन्नाले कुनै विषय, घटना, व्यक्ति, समाज वा समस्यालाई हेर्ने, बुझ्ने, विश्लेषण गर्ने र त्यसप्रति धारणा निर्माण गर्ने समग्र मानसिक, वैचारिक तथा मूल्यगत आधारलाई बुझिन्छ। सरल भाषामा भन्नुपर्दा, संसारलाई हेर्ने हाम्रो नजर, त्यसलाई बुझ्ने तरिका र त्यसको मूल्याङ्कन गर्ने आधार नै दृष्टिकोण हो। दृष्टिकोण कुनै एउटा विषयप्रतिको सामान्य सोच मात्र होइन। यो मानिसले जीवन र जगत्लाई हेर्ने समग्र दृष्टि हो। यसमा व्यक्तिका विचार, अनुभव, ज्ञान, वर्गीय चेतना, सामाजिक परिवेश, सांस्कृतिक मान्यता, नैतिक मूल्य र जीवनप्रतिको अभिमुखीकरण समेटिएका हुन्छन्। उदाहरणका लागि, समाजमा विद्यमान गरिबीलाई कसैले व्यक्तिगत कमजोरीका रूपमा बुझ्न सक्छ भने कसैले त्यसलाई आर्थिक असमानता, स्रोतसाधनको असमान वितरण, उत्पादन सम्बन्ध र राज्यको नीतिसँग जोडेर विश्लेषण गर्न सक्छ।विचारको अर्थ, स्वरूप र विशेषता : विचार भन्नाले कुनै विषय, घटना, वस्तु, व्यक्ति, परिस्थिति वा समस्याबारे मानिसको मस्तिष्कमा उत्पन्न हुने सोच, धारणा, अवधारणा, विश्लेषण वा निष्कर्षलाई बुझिन्छ। मानिसले आफ्नो ज्ञान, अनुभव, अध्ययन, अवलोकन र चेतनाका आधारमा कुनै विषयलाई बुझ्ने तथा त्यसबारे धारणा बनाउने प्रक्रिया नै विचार निर्माणको प्रक्रिया हो।विचार मानिसको चेतनाको अभिव्यक्ति हो। मानिसले देखेका, सुनेका, पढेका, भोगेका र अनुभव गरेका विषयले उसको मस्तिष्कमा विभिन्न विचार उत्पन्न गर्छन्। ती विचार सकारात्मक, नकारात्मक, वैज्ञानिक, अवैज्ञानिक, प्रगतिशील, रूढिवादी वा परिवर्तनमुखी हुन सक्छन्। सबै विचार समान स्तरका हुँदैनन्। कुनै विचार तत्कालीन परिस्थिति र भावनाबाट प्रभावित हुन्छ भने कुनै विचार गहिरो अध्ययन, अनुसन्धान, तथ्य र वैज्ञानिक विश्लेषणबाट विकसित भएको हुन्छ। त्यसैले विचारको मूल्याङ्कन गर्दा त्यसको आधार, तर्क, प्रमाण र सामाजिक प्रभावलाई समेत ध्यान दिनुपर्छ।दृष्टिकोण र विचारबीचको अन्तरसम्बन्ध : दृष्टिकोण र विचारलाई एकअर्काबाट पूर्णतः अलग गरेर बुझ्न सकिँदैन। यी दुवैबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। विचारले दृष्टिकोण निर्माणमा योगदान पुऱ्याउँछ भने दृष्टिकोणले विचारको दिशा, प्राथमिकता र विकासलाई प्रभावित गर्छ। विभिन्न विचार, अनुभव, ज्ञान र मूल्य–मान्यताहरू एकीकृत हुँदै जाँदा निश्चित दृष्टिकोण निर्माण हुन्छ। त्यस्तै, विद्यमान दृष्टिकोणले नयाँ विषयलाई बुझ्ने, विश्लेषण गर्ने र नयाँ विचार निर्माण गर्ने आधार तयार गर्छ। नयाँ तथ्य र अनुभवले पुरानो विचारलाई बदल्न सक्छन्। कहिलेकाहीँ त्यस्ता परिवर्तनले व्यक्तिको समग्र दृष्टिकोणमै रूपान्तरण ल्याउन सक्छ। त्यसैले दृष्टिकोण र विचार कुनै जड तथा अपरिवर्तनीय वस्तु होइनन्। यी निरन्तर विकास र परिष्कारको प्रक्रियामा रहन्छन्। विचारलाई बीउ र दृष्टिकोणलाई त्यसबाट विकसित हुने वृक्षसँग तुलना गर्न सकिन्छ। बीउले वृक्षको विकासको आधार तयार गर्छ भने वृक्षले आफ्नो स्वरूप र विस्तारमार्फत त्यसको सम्भावनालाई अभिव्यक्त गर्छ। यद्यपि दृष्टिकोण विचारहरूको सामान्य जोड मात्र होइन; त्यसमा ती विचारलाई व्यवस्थित गर्ने दार्शनिक आधार, मूल्य र मान्यता पनि समावेश हुन्छन्। नेपाली राजनीतिमा अहिले सबैभन्दा गम्भीर बहस गर्नुपर्ने विषयमध्ये एउटा हो—राजनीतिक दलहरूको वैचारिक स्पष्टता र व्यवहारबीचको सम्बन्ध। नेपालमा विभिन्न राजनीतिक आन्दोलनले लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता, सामाजिक न्याय र नागरिक अधिकारका विषयलाई राजनीतिक एजेन्डाका रूपमा स्थापित गरेका छन्।।